बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०५ संख्या : ०७ भाग : ०२ प्रकाशित मिति : २०७८/१२/१४

## आर्थिकरुपमा कमजोर अपाङ्गता भएका ब्यक्ति, एकल पुरुषको लागि आर्थिक सहयोग कार्यक्रम संचालन मापदण्ड, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/१०/१६

गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०७८/१०/२७

**प्रस्तावना:**

नेपालको संबिधानका निर्देशक सिद्धान्त तथा नीति भित्र रही नेपाल सरकारले सर्बसाधारण नागरिकको हितका लागि निश्चित समुहका नागरिकलाई सामाजिक सुरक्षा भत्ता बितरण गर्दै आइ रहेको छ । सबै समुहका लाभग्राहिले मात्र यस्तो सुविधा उपयोग गरिरहेको र आर्थिकरुपले विपन्नताको कारण निश्चित समूह बाहिरका नागरिकले राज्यको तर्फबाट यो अवसर नपाउदा दैनिक जीवनयापन गर्न कठिनाइ भएको छ । यस सन्दर्भमा निश्चित समुह बाहिरका तर आर्थिक तथा सामाजिक दृष्टिकोणले पछाडी परेका र पारिएका, घरमा लाउन खाना समस्या भएका, समाजमा अपहेलित जीवन निर्वाह गरि दैनिक गुजारा चलाउन समेत कठिनाइ भएका परिवारका नेपाल सरकारको त्यस्तो सुबिधा नपाएका निश्चित उमेर समुह र बर्ग भन्दा बाहिर परेका अपाङ्गता भएका ब्यक्ति र एकल पुरुषको लागि केहि रकम आर्थिक सहयोग दिलाई दैनिकि संचालन गर्न सहयोग पुगोस भन्ने हेतुले बैजनाथ गाउपालिकको आव २०७८/०७९ को नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को जिम्मेवारी बहन गर्दै बैजनाथ गाउपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ अनुसार यो मापदण्ड तर्जुमा गरि कार्यापालिकाबाट स्वीकृत गरि कार्यन्वयनमा ल्याइएको छ ।

**१) कार्यक्रम संचालनका उदेश्य :**

क) नेपाल सरकारबाट प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता नपाएका निश्चित समूह भन्दा बाहिरका जसको आर्थिक अवस्था कमजोर छ उनीहरुको जीवन जिउन सजिलोका लागि एकमुस्ट आर्थिक सहयोग उपलब्ध गराउनु ।

ख) बैजनाथ गाउपालिकाले त्यस्ता समुदाय र वर्गका नागरिक प्रति अविभावकत्व ग्रहण गर्नु ।

ग) आर्थिक सहयोग वितरण प्रणालीलाइ सहज , पारदर्शी र सूचनाप्रविधि मैत्री बनाउनु ।

घ) आर्थिक सहयोगलाइ प्रभाबकारीपमा अनुगमन तथा मुल्यांकन गर्न ।

**परिभाषा** : बिषय र प्रसंगले अर्को अर्थ नलागेमा

क) आर्थिक सहयोग पाउने ब्यक्ति भन्नाले : बैजनाथ गाउपलिकामा स्थायीरुपमा बसिरहेका ६० वर्ष भन्दा माथिका उमेरसमूहका एकल पुरुष र नेपाल सरकारबाट भत्ता नपाएका तर अपाङ्ग समुहको पहेलो कार्ड प्राप्त गरि कुनै आर्थिक सहयोग वा नेपाल सरकारबाट कुनै किसिमको भत्ता वा नगद सुबिधा नपाएका ब्यक्ति सम्झिनु पर्छ ।

ख) परिचय पत्र भन्नाले : एकल पुरुषको हकमा नेपाल सरकारबाट निर्धारण भएको नमुनामा रही कार्यालयले तयार गरी कार्यान्वन गर्ने र अपांगताको हकमा गाउपालिकाले नियमित रुपमा कानुन बमोजिम वितरण गरेको पहेलो कार्डको परिचय पत्रलाइ जनाउनेछ ।

ग) अध्यक्ष भन्नाले : बैजनाथ गाउपालिकाको अध्यक्ष सम्झिनु पर्छ ।

घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले :बैजनाथ गाउपालिकको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ङ) एकल पुरुष भन्नाले : ६० वर्ष बर्ष भन्दा माथिको उमेर समुहका तर बिबाह नगरी बसेका वा सम्बन्ध बिच्छेद गरेका वा बिदुर भएका एकल पुरुष ब्यक्तिलाइ जनाउने छ ।

च) अपाङ्ग भन्नाले : गाउपालिकाले नियमित रुपमा कानुनबमोजिम वितरण गरेको पहेलो कार्डको परिचय पत्र प्राप्त व्यक्तिलाई जनाउने छ।

**२) सहायता पाउने उमेरको गणना :** यस मापदण्ड बमोजिम सहायता उपलब्ध गराउदा नेपाली नागरिकताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाण पत्रलाई आधार लिइने छ ।

**३) आर्थिक सहयोग पाउने समयावधि गणना :** एकल पुरुषको हकमा २०७८ असार मसान्त सम्म ६० बर्ष उमेर पुरा भएको र एकल पुरुष हो भन्ने प्रमाणित भएको र अपांगताको हकमा असार मसान्त सम्ममा परिचयपत्र लिएको र हरेक महिना गाउपालिकाबाट प्रचलित कानुन बमोजिम परिचय पत्र पाएको मितिको आधारमा गरिनेछ।

**४) नाम दर्ता गराउनु पर्ने :** गाउकार्यपालिकाको निर्णय अनुसार गाउपालिकवाट यस्ता आर्थिक सहयोग पाउनेको नाम दर्ताको लागि सबै वडामा नाम दर्ता गराउन पत्राचार गर्नेछ । सो परिपत्रका आधारमा सम्बन्धित वडाले यस्ता बर्ग पहिचानको लागि कम्तिमा १५ दिनको सार्बजनिक सुचना जारी गरि नाम दर्ताको लागि निबेदन माग गर्नेछ ।

**५) निबेदन दिनु पर्ने** : गाउपालिकाबाट वा वडाबाट प्रकाशित सूचनाको आधारमा माथि उल्लेखित लाभाग्रहीले सम्बन्धित वडा कार्यालय वा गाउपालिकामा देहायका विवरणसहितको निबेदन दिनु पर्नेछ ।

क) एकल पुरुषको हकमा देहायको कागजात पेश गर्नु पर्नेछ :

- व्यक्तिगत निबेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि/ बसाई सराईको प्रमाण पत्र
- एकल पुरुष हो भन्ने सम्बन्धित वडा कार्यालयको सिफारिस
- हालका दिन सम्म अबिबाहित हो भने सो सिफारिस
- पत्नीको मृत्यु दर्ता प्रमाण पत्र वा सम्बन्ध बिच्छेद दर्ताको प्रमाण पत्रको प्रतिलिपि

ख) अपागता भएका लाभग्राहीको हकमा

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि/ बसाई सराईको प्रमाण पत्र / जन्म दर्ताको प्रामाण पत्र
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- पालिकाबाट वितरण भएको पहेलो कार्डको प्रतिलिपि

**६) आर्थिक सहायता ब्यबस्थापन समिति** : क)आर्थिक सहायता बितरण सम्बन्धमा लाभ ग्राहिको तथ्य एकिन गरि सहायता वितरणको लागि निर्णय गर्ने कार्यको लागि देहायको एक ब्यबस्थापन समिति रहने छ ।

१) बैजनाथ गाउपालिकाको प्रमुख — अध्यक्ष

२) गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत —सदस्य

३) सामाजिक बिकास समितिको संयोजक - सदस्य

४) आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

५) प्रशासन शाखा प्रमुख प्रमुख — सदस्य

६) पंजीकरण शाखा र महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य

७) प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउपालिकाको अधिकृत स्तरको कर्मचारी -सदस्य सचिब

ख) समितिले निर्णयका सन्दर्भमा अन्य पधाधिकारीलाइ र सम्बन्धित वडाका अध्यक्षलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ । माथिका बिबरण मध्ये कुनै नपुग हुने वा आवश्यक नठानेमा समितिले आबश्यक निर्णय गर्न सक्नेछ । समितिबाट आर्थिक सहयोगको लागि भएको निर्णय कार्यपालिकाबाट अनुमोदन गराउनु पर्ने छ । समितिका पदाधिकारीलाइ बैठकमा सहभागी भएबापत कार्यपालिकाका सदस्यले पाउने बराबरको बैठक भत्ता रकम उपलब्ध गराइने छ ।

७) **रकम भुक्तानीको तरिका** : लाभग्राहीलाई प्रदान गरिने सहयोग रकम सम्बन्धित लाभग्राहीको नाममा बैक खाता खोलि चौमासिकरुपमा जम्मा गरिने छ । तर चालु आर्थिक बर्ष २०७८/०७९ को हकमा नगदै रकम बितरण गर्न बाधा पर्ने छैन ।

८) **सहयोग रकम व्यवस्थापनः** लाभग्राहिलाई प्रत्येक महिना प्रति ब्यक्ति ५०० (पाच सय ) रूपैया **का दरले चौमासिकरुपमा गाउपालिकाको स्वीकृत बार्षिक बजेट बाट उपलब्ध गरिने छ । चालु आर्थिक** बर्षको श्रावण १ देखि लागु हुने गरि यस्तो सहायता ब्यबस्थापन गरिने छ । लाभग्राहिलाइ नियमित सहायताको बजेट ब्यबस्थापन गर्ने दायित्व कार्यपालिकाको हुनेछ ।सो रकम भुक्तानी गर्दा कुनै किसिमको कर लाग्ने छैन । सहयोग रकम लाभग्राहिलाई सहज तरिकाले प्राप्त गर्ने कार्य गर्नु, गराउनु सम्बन्धित वडा तथा पंजीकरण /महिला तथा बालबालिका शाखाको हुनेछ । उक्त खर्चको प्रचलित कानुन बमोजिम लेखा परिक्षण गरिने छ ।

९) **अनुगमन गर्नेः** सम्बन्धित वडाका लाभग्राहिले रकम पाए नपाएको वा दुरुपयोग भएको सम्वन्धमा गाउँपालिकाको माथि उल्लेखित समितिले अनुगमन गर्नेछ। गलत मनसायले दुरुपयोग गरेमा वा गलत व्यक्तिले ढाँटि सहायता लिएमा असुलउपर गरी सम्बन्धित निकायमा कारवाहीको लागि सिफारिश गर्ने काम कार्यपालिकाको हुनेछ।

१०) **गाउँपालिकाले आवश्यक व्यवस्थापन गर्नेः** यस मापदण्डको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ। यो मापदण्डको खारेजी, संशोधन गर्ने सम्पूर्ण अधिकार कार्यपालिकामा निहित रहनेछ ।

आज्ञाले,
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-
घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१